आज मिति २०८३/०२/१२ गतेका दिन विहान १:०० वजे यस मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिल वमोजिमका निर्णय गरियो ।

उपस्थिति :

अध्यक्ष :- श्री अर्जुन गुरुङ (अध्यक्ष म. गा.पा.)

उपाध्यक्ष :- श्री जुना माया थापा (उपाध्यक्ष म.गा.पा.)

वडा अध्यक्ष :- श्री रुद्रमान गुरुङ(वडा अध्यक्ष म.गा.पा. १)

वडा अध्यक्ष :- श्री चेत बहादुर गुरुङ(वडा अध्यक्ष म.गा.पा. २)

वडा अध्यक्ष :- श्री दुधमान तामाङ (वडा अध्यक्ष म.गा.पा. ३)

वडा अध्यक्ष :- श्री वल वहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ४)

वडा अध्यक्ष :- श्री घनश्याम घले (वडा अध्यक्ष म.गा.पा. ५)

वडा अध्यक्ष :- श्री मीन राशी गुरुङ (वडा अध्यक्ष म.गा.पा. ६)

वडा अध्यक्ष :- श्री तिल बहादुर गुरुङ (वडा अध्यक्ष म.गा.पा. ७)

वडा अध्यक्ष :- श्री धनसिङ तामाङ (वडा अध्यक्ष म.गा.पा. ८)

वडा अध्यक्ष :- श्री हरिशचन्द्र थापा (वडा अध्यक्ष म.गा.पा. ९)

कार्यपालिका सदस्य :- श्री पूर्ण काशी गुरुङ

कार्यपालिका सदस्य :- श्री पूर्ण घले

कार्यपालिका सदस्य :- श्री पारकाशी गुरुङ

कार्यपालिका सदस्य :- श्री मिना कुमारी नेपाली

कार्यपालिका सदस्य :- श्री सोम बहादुर वि.क.

प्रमुख प्रशासकीय अधिकृत :- श्री विज्ञान पौडेल

अन्य उपस्थिति :

प्रशासकीय अधिकृत :- श्री अर्जुन चपाई

लेखा अधिकृत :- श्री मनी राना मगर

ईन्जिनियर :- श्री सुरेश गौतम



Scanned with CamScanner

मिति २०८३ जेष्ठ १२ गते बसेको मर्स्याङ्दी गाउँपालिकाको गाउँकार्यपालिकाको बैठकका निर्णयहरु

**निर्णय नं. १ : अघिल्लो बैठकको समीक्षा तथा रिपोर्टिङ सम्बन्धमा ।**

मिति २०८३/१/२२ को मर्स्याङदी गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकले गरेको निर्णयहरु कार्यान्वयनको अवस्था वारे यस बैठकमा समीक्षा गरियो । साथै वडाको कार्य प्रगति र वर्तमान अवस्था बारे वडा अध्यक्ष ज्यूहरुबाट रिपोर्टिङ भयो । समीक्षा र रिपोर्टिङ्गको क्रममा बैठकमा उठेका विषयहरुमा छलफल भयो । समग्र कार्य प्रगति सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं.२ : अस्पताल सञ्चालक समितिमा रहने सदस्यहरु मनोनित गर्ने सम्बन्धमा ।**

मर्स्याङ्दी अस्पताल स्थापना र सञ्चालन कार्यविधि,२०८२को दफा २०को(१)अनुसार अस्पताल सञ्चालक समितिमा रहने तपसिल वमोजिमका सदस्यहरुलाई मनोनित गर्ने यस गाउँकार्यपालिकाको बैठकमा सर्वसहमतीले निर्णय गरियो ।

| क्र.स. | मनोनितको क्षेत्र | नाम थर | ठेगना | कै. |
|---|---|---|---|---|
| १ | समाज वा चिकित्सा क्षेत्रमा ख्यातीप्राप्त व्यक्तिहरु मध्ये वाट गाउँकार्यापालिकाले मनोनीत गरेको १ जना महिला सहित दुई जना | कमला गुरुङ | मर्स्याङ्दी गाउँपालिकाका -२ | |
| २ | समाज वा चिकित्सा क्षेत्रमा ख्यातीप्राप्त व्यक्तिहरु मध्ये वाट गाउँकार्यापालिकाले मनोनीत गरेको १ जना महिला सहित दुई जना | लिला प्रसाद घले | मर्स्याङ्दी गाउँपालिकाका -६ | |

**निर्णय नं.३: उपभोक्ता समिति मार्फत कार्यान्वयन भइरहेका योजनाहरुको म्याद थप सम्बन्धमा ।**

मर्स्याङ्दी गाउँपालिकाका अन्तर्गत उपभोक्ता समिति मार्फत कार्यान्यनमा रहेका योजनाहरुको म्याद मिति २०८३ वैशाख मसान्त सम्म रहेकोमा योजनाहरुको निर्माण जेन्जी अन्दोलन,संघिय संसदको चुनाव र इन्धनमा भएको मुल्यबृद्धिले गर्दा तोकीएको समय सिमा भित्र सम्पन्न नभएको साथै योजनाको काम सम्पन्न नभई अधुरो रहंदा आगामी आ.व.को लागि थप दायित्व बढने भएकोले उपभोक्ता समिति मार्फत कार्यान्वियनमा रहेका योजनाहरुको मिति २०८३ जेष्ठ मसान्त सम्म म्याद थप गर्ने यस गाउँकार्यपालिकाको वैठकमा सर्वसहमतीले निर्णय गरियो ।

अर्जुन गुरुङ
अध्यक्ष

[illegible] पौडेल
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं.४: तिन ताघ्रिङ खानेपानी योजना सम्वन्धमा।**

यस मर्स्याङ्दी गाउँपालिका वडा नं ४ मा रहेको तिन ताघ्रिङ खानेपानी योजना आ.व. २०८२/८३ मा गण्डकी प्रदेश सरकारबाट विशेष अनुदान मार्फत बजेट विनियोजित भई गाउँपालिकाबाट ठेक्का आव्हान गरी श्री मोति कन्ट्रक्सन, बेशिसहर-०१, लमजुङ सँग मिति: २०८२-०७-३० गते रकम रु. २९,९२,३५९.२६ मा सम्झौता गरी (२०८२-८३) निर्माण कार्य गर्ने क्रममा माथिल्लो ताघ्रिङबाट खानेपानी पाईपको लाईन रामबजारसम्म ल्याउने योजनाका साथ ईष्टिमेट गरिएतापनि तल्लो रामबजारको स्थानमा हाईड्रो मार्फत व्यवस्थित तरिकाले काम गरिसकेको हुनाले दोहोरोपन हटाउनका लागी तल्लो स्थानमा खानेपानीको पाईप विस्तार गर्नुनपर्ने हुँदा सो कार्यको लागी छुट्टाईएको पाईपको परिमाण तथा खन्ने पुर्ने कार्यको मूल्याङ्कन घट्न जानुका साथै प्रगती प्रतिशत समेत ९०% भन्दा मुनी देखिएकाले सो ठेक्का सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (ख) बमोजिम सार्वजनिक हितको लागी सुविस्ताको आधारमा खरिद सम्झौताको अन्त्य गर्न सक्ने प्रावधान बमोजिम सो ठेक्कालाई हालसम्म भएको प्रगतीको आधारमा भुक्तानी दिई सुविस्ताको आधारमा ठेक्का अन्त्य गर्ने निर्णय गरियो।

**निर्णय नं.-५. अध्यापन अनुमती नभएको हकमा करारमा शिक्षक नियुक्ति गर्ने सम्बन्धमा ।**

यस मर्स्याङ्दी गाउँपालिकाका सामुदायिक मा.वि. र नि.मा.वि.हरुमा रिक्त गणित र विज्ञान विषयका राहत तथा करार दरबन्दीमा शिक्षक पदपूर्ति गर्दा अध्यापन अनुमती पत्र भएको शिक्षक पाउन समस्या भएकोले दोस्रो विज्ञापन प्रकाशित भएको अन्तिम मितिसम्म पनि अध्यापन अनुमति पत्र भएको उम्मेदवारको दरखास्त नपरेमा अध्यापन अनुमती पत्र नभएको उम्मेदवारहरुबाट नै छनोट गरि नियुक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं.-६. पञ्चबिचार प्रा.वि.को छात्रावास निर्माणको सम्बन्धमा ।**

यस मर्स्याङ्दी गाउँपालिकाका वडा नं.-८ स्थित पञ्चविचार प्रा.वि.को छात्रवास निर्माणको लागि पाहार ट्रस्ट नेपाल, पोखरालाई सहयोगको लागि सिफारिस गर्ने निर्णय गरियो ।साथै सोका लागि गाउँपालिकाको तर्फबाट बढिमा २० प्रतिशत लागत साझेदारी गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं. ७ : बाल कोष सञ्चालक समिति गठन सम्बन्धमा।**

मर्स्याङ्दी गाउँपालिका बालकोष (स्थापना तथा सञ्चालन) कार्यविधि, २०८२ बमोजिम स्थापित बालकोषको सञ्चालन, व्यवस्थापन तथा राहत वितरण गर्ने प्रयोजनका लागि देहाय बमोजिमको सञ्चालक समिति गठन गर्ने यस मर्स्याङ्दी गाउँपालिकाको कार्यपालिकाको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो।

देहाय:

| | | |
|---|---|---|
| क) गाउँपालिकाउपाध्यक्ष | जुना माया थापा | अध्यक्ष |
| ख) सामाजिक विकास समिति संयोजक | तिल बहादुर गुरुङ | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | विज्ञान पौडेल | सदस्य |

अर्जुन गुरुङ
अध्यक्ष

विज्ञान पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | |
|---|---|---|
| घ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | वसन्त वरुवाल | सदस्य |
| ङ) अध्यक्षले तोकेको गाउँसभा सदस्य महिला | सलिना वि.क. | सदस्य |
| च) गाउँपालिका स्तरीय बाल सञ्जाल अध्यक्ष | सिद्धार्थ गुरुङ | सदस्य |
| छ) महिला तथा बालबालिका शाखा प्रमुख | लक्ष्मी घले | सदस्य सचिव |

## निर्णय नं. ८ : समिति गठन गर्ने सम्बन्धमा

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद-१३, दफा ९७ मा गाउँपालिका तथा नगरपालिका क्षेत्रभित्रको सम्पत्तिको संरक्षण सम्बन्धित गाउँपालिका, नगरपालिकाले गर्नुपर्ने व्यवस्था छ। सो सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषदको मिति २०८२/१२/१३ को शासकीय सुधार सम्बन्धी एक सय बुँदे कार्य योजनाको बुँदा नं. ९२ मा "सार्वजनिक जग्गाको संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्न डिजिटल अभिलेख तयार गर्ने, निगरानी प्रणाली सुद्ढ गर्ने तथा अवैध कब्जा हटाउने कार्य तत्काल प्रारम्भ गर्ने, नँया अतिक्रमणमा कडाईका साथ रोक लगाउने र अवैध कब्जा हटाउने विशेष अभियान सञ्चालन गर्ने" विषय उल्लेख छ। सो बमोजिम मर्स्याङ्दी गाउँपालिका क्षेत्रभित्र रहेका सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण गर्न/गराउन देहाय बमोजिमको कार्य गर्न तपसिल बमोजिमको समिति गठन गर्ने यस मर्स्याङ्दी गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठकबाट सर्वसम्मतिले निर्णय गरियो।

देहायः

क) मर्स्याङ्दी गाउँपालिका क्षेत्रभित्र रहेको सरकारी तथा सार्वजनिक जग्गा अतिक्रमण गरी बसेका घर परिवार मध्ये वास्तविक सुकुमबासीको पहिचान गरी आवश्यक तथ्याङ्क, विवरण संकलन गर्ने,

ख) पहिचान भएका वास्तविक सुकुमबासीलाई तत्काल अन्यत्र व्यवस्थापन (सुरक्षित आवस, स्वस्थ खानपान, गोपनीयताको संरक्षण, औषधोपचार तथा परामर्श, महिला तथा अपाङ्ग मैत्री आवास कक्ष, सुरक्षा प्रवन्ध लगायत) गर्ने योजना तयार गर्ने,

ग) पहिचान भएका वास्तविक सुकुमवासीलाई व्यवस्थापन गरिसकेपछि अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गाको पहिचान गरी जिल्ला प्रशासन कार्यालयसँगको समन्वयमा उक्त जग्गामा रहेको अतिक्रमण हटाउने कार्य योजना तयार गर्ने

घ) निर्मित कार्ययोजना कार्यपालिकाबाट स्वीकृत गराई सो सम्बन्धमा भएका कार्य, प्रगतिका सम्बन्धमा कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्ने।

तपसीलः

| | | |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | विज्ञान पौडेल | संयोजक |
| पूर्वाधार विकास समिति संयोजक | चेत बहादुर गुरुङ | सदस्य |
| सामाजिक विकास समिति संयोजक | तिल बहादुर गुरुङ | सदस्य |
| प्रशासन शाखा प्रमुख | अर्जुन चपाई | सदस्य |
| योजना शाखा प्रमुख | अनिल कुमार गुरुङ | सदस्य |
| विपद फोकल पर्सन | नन्दराज गुरुङ | सदस्य |
| प्राविधिक शाखा प्रमुख | ई.सुरेश गौतम | सदस्य सचिव |

अर्जुन गुरुङ
अध्यक्ष



विज्ञान पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner